# गैडहवा गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुरा, रुपन्देही

## हाट बजार बैठकी कर सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना !!!

दोस्रो पटक सूचना प्रकाशित मिति : २०७५/०३/३१ गते

यस गैडहवा गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिल बमोजिमका हाटबजारको आर्थिक वर्ष ०७५/०७६ का लागि तपशिल बमोजिमका शर्त र अधिनमा रही हाटबजार बैठकी कर असुल उपर गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ७ (सात) दिने शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल :

१. दरभाउपत्र फारमको न्यूनतम बोल रकम निम्नानुसार रहनेछ ।

| | |
|---|---|
| ग) शुक्रबारे साप्ताहिक हाटबजार, गैडहवा-७, शान्तिबजार, रुपन्देही | रु. ९०,०००।०० |
| घ) शुक्रबारे साप्ताहिक हाटबजार, गैडहवा-८, गौठी बजार ,रुपन्देही | रु. ८,०००।०० |

२. दरभाउपत्र फारम रु. ५००।०० (पछि फिर्ता नहुने गरी) गाउँ कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट खरिद गर्नुपर्नेछ तर दर्ता गा.पा.को कार्यालयमा मात्र गरिनेछ ।

३. प्रत्येक हाटबजारका लागि छुट्टाछुट्टै दरभाउपत्र फारम भर्नुपर्नेछ ।

४. दरभाउपत्र फारम पेश गर्न नेपाली नागरिक भए ५% र गैह्र नेपाली नागरिक भए १०% रकम यस कार्यालयको कृषि विकास बैंक महिलवार, लुम्बिनीमा रहेको धरौटी खाता नं. ०४१४९०११५३७४७०४१ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्ने वा उल्लेखित रकम नगदै दरभाउपत्र साथ दाखिला भएको हुनु पर्नेछ ।

५. दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्नेछ । अन्यथा धरौटी जफत गरी दोस्रो दरभाउपत्र स्वीकृत गर्न सकिनेछ ।

६. दरभाउपत्र फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन् ।

७. दरभाउ रकम बढीमा ३ किस्तामा बुझाउँनु पर्नेछ । ठेक्काको कबोल अंकको ४० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर वापतको रकम ठेक्का सम्झौताको बखत एकमुष्ट जम्मा गर्नुपर्नेछ । बाँकी ६० प्रतिशत रकम मध्ये ३० प्रतिशत रकम मिति २०७५ असोज मसान्त भित्र जम्मा गरी सक्नु पर्नेछ । बाँकी ३० प्रतिशत रकम मिति २०७५ माघ मसान्त भित्र जम्मा गरी सक्नुपर्नेछ ।

८. दरभाउपत्र फारम मिति २०७५/०३/०६ गतेका दिन दिनको १२ : ०० बजे सम्म खरिद तथा दर्ता गराई सक्नुपर्नेछ । सोही दिनको १ : ०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा गैडहवा गा.पा.को कार्यालयमा दरभाउपत्र खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिनेछ ।

९. रित नपुगी आएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

१०. हाटबजार बैठकी कर गाउँ कार्यपालिकाको कार्यालयको दररेट अनुसार हुनेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. वक्यौता रकम भएका दरभाउपत्रदाताहरुले दरभाउपत्र हाल्न पाइनेछैन् ।

१३. कबोल गरेको रकम शुरुमै बुझाई सम्झौता गर्नेलाई १०% छुट दिईनेछ ।

१४. कुनै पनि प्रकारको वहानामा मिनाहा दावी गर्न पाईनेछैन ।

१५ बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धि कार्य दरभाउपत्रदाता स्वयंले गर्नुपर्नेछ । सोको खर्च दावी गर्न पाईनेछैन् ।

१६. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ ।

१७. आफूले कबोल गरेको ठेक्का अंक रकम प्रष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधि द्धारा दरभाउपत्र दिनुपर्नेछ । र अंकमा ओभरराइटिङ वा केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

१८.न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरी टेण्डर पेश गरेमा सो टेण्डर माथि कुनै कारवाही हुने छैन् ।

१९. ठेकेदार र यस गा.पा. बीच ठेक्का शर्तमा ठेक्का संचालन सम्बन्धि अन्य विषयमा कुनै विवाद उठेमा यस गा.पा.को गाउँ कार्यसमितिको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२०. ठेक्का सम्झौता गर्दा ६० प्रतिशत रकम बराबरको बैंक ग्यारेण्टी इजाजत प्राप्त बाणिज्य बैंकको २०७६ साल असार मसान्त सम्मको म्याद भएको (परफरमेन्स बण्ड) बैंक ग्यारेण्टी वा अचल सम्पत्ति धितो पेश गर्नुपर्नेछ ।

२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२२. ठेक्का बन्दोवस्तको अवधि २०७५ साल साउन १ गते देखि २०७६ असार मसान्त सम्म सम्मका लागि हुनेछ ।

२३. अन्य थप जानकारीका लागि गैडहवा गा.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सम्पर्कका लागि : ९८५७०१६४०७

२०७५।३।३१

टेकराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत